अजोड इन्स्योरेन्स लिमिटेड
AJOD Insurance Limited
हरेक कदमको सहयात्री...

मिति : वैशाख ४, २०८०
च.नं. अइलि/२०६१/ २०७९/०८०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं
नेपाल ।

विषय : विशेष साधारण सभा सम्वन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०८०/०१/०४ गते बसेको १२१ औं बैठकको निर्णय बमोजिम विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने निर्णय भएको व्यहोरा तहाँ कार्यालय समक्ष जानकारीको लागि अनुरोध छ ।

मिति : २०८० साल वैशाख २५ गते सोमबार तद्अनुसार (०८ मे, २०२३)
स्थान : यूनाइटेड वर्ल्ड ट्रेड सेन्टर, डिइसिसि, अमन हल तेस्रो तल्ला, त्रिपुरेश्वर, काठमाडौं
समय : बिहान ११:०० बजे

शेयरधनी तथा सर्वसाधारणहरुको जानकारीको लागि उक्त साधारण सभा सम्वन्धी सूचना मिति २०८०/०१/०५ गतेको कारोवार दैनिक पत्रिकामा प्रकाशित गरिनेछ तथा कम्पनीको वेभसाइट www.ajodinsurance.com मा समेत राखिएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

भवदीय,

२०८०/०१/०४

............................
बैद्यनाथ प्रसाद उपाध्याय
कम्पनी सचिव/मुख्य प्रवन्धक

अजोड इन्स्योरेन्स लि.

संलग्न कागजात :
१. विशेष साधारण सभाको सूचना

सि.टि.सी. मल, सातौं तल्ला, बागदरबार मार्ग, सुन्धारा, पोष्ट बक्स नं. २६४१२, काठमाडौं, नेपाल
फोन: ०१-४२४३०७२, ४२४३३०३, ४२३३७४३, टोल फ्रि नं.: १६६०-०१८६४९६, फ्याक्स: ९७७-१-४२४४०१३
E-mail: info@ajodinsurance.com, Web: www.ajodinsurance.com

# अजोड इन्स्योरेन्स लिमिटेड
# AJOD Insurance Limited

सिटिसी मल (सातौं तल्ला), सुन्धारा, काठमाण्डौ
फोन नं ९७७-०१-५३३३७४३, ५३४३३०३, ५३४४०१३, ५३४३०७३, टोल फ्रि नं १६६०-०१८६४९६
वेबसाइट: www.ajodinsurance.com

## विशेष साधारण सभा बस्ने सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०१।०५)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०८० साल बैशाख महिना ०४ गते (तद्अनुसार १७ अप्रिल, २०२३) सोमवार बसेको १२१ औं बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिमका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा समुपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०८० साल बैशाख महिना २५ गते सोमबार तद्अनुसार (०८ मे, २०२३)
स्थान : यूनाइटेड वर्ल्ड ट्रेड सेन्टर, डिइसिसि, अमन हल तेस्रो तल्ला, त्रिपुरेश्वर, काठमाडौं
समय : बिहान ११:०० बजे

**छलफलका बिषयहरु :**

**(क) विशेष प्रस्तावहरु :**

१. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. एक आपसमा गाभिए पश्चात बन्ने निर्जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा "**यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड**" तथा अंग्रेजीमा "**United Ajod Insurance Limited**" कायम हुने गरी सो नामबाट निर्जीवन बीमा व्यवसाय गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. एक आपसमा गाभिने/गाभ्ने (Merger) प्रयोजनका लागि मूल्याङ्कनकर्ता एस.आर. पाण्डे एण्ड कम्पनी (S.R Pandey & Co.) चार्टर्ड एकाउण्टेण्ट्सद्वारा तयार गरिएको अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि.को चल/अचल सम्पत्ति, दायित्व तथा कारोबार मुल्याङ्कन प्रतिवेदन Due Diligence Audit (DDA) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर अनुपात ८२.५०:१०० कायम गर्ने गरि गाभ्ने/गाभिन (Merger) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।

४. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी सहमती पत्र (Memorandum of Understanding), अन्तिम सम्झौता पत्र (Scheme of Arrangement) तथा अन्य भए गरेका सम्झौताहरु लगायत सम्पूर्ण काम कारवाहिको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

५. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि दुबै कम्पनीको चल/अचल सम्पत्ति, दायित्व तथा कारोबार मूल्याङ्कन प्रतिवेदन Due Diligence Audit (DDA) तयार गर्न नियुक्त गरेका लेखापरिक्षक/ मूल्याङ्कनकर्ता एस.आर. पाण्डे एण्ड कम्पनी (S.R Pandey & Co.) चार्टर्ड एकाउण्टेण्ट्सको नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

६. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. एक आपसमा गाभिने/गाभ्ने (Merger) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायमा निवेदन दिने र गाभ्ने/गाभिने (Merger) कार्यसँग सम्बन्धित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने र गाभ्ने/गाभिने (Merger) कार्य सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

७. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. एक आपसमा गाभिए पछि बन्ने कम्पनीमा गठन हुने सञ्चालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार सञ्चालक समितिलाई दिने तथा गाभिए पछि बन्ने कम्पनीको सञ्चालक समितिमा यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि.बाट आउनुहुने सञ्चालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

८. अजोड इन्स्योरेन्स लि. को हाल कायम सञ्चालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकी रहेको भएतापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साविक दुबै कम्पनीबाट प्रतिनिधित्व रहने गरि नयाँ सञ्चालक समिति गठन भए पश्चात विद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने तथा नयाँ सञ्चालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने कम्पनीको वार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

९. उपरोक्त प्रस्तावहरुको सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव दिएमा सोहि बमोजिम गर्न तथा अभिलेख गर्दा गराउँदा केहि हेरफेर गर्न संशोधन सम्बन्धी कागजात प्रमाणीत गर्न, दाखिल खारेज गर्न र सम्बन्धित निकायबाट अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

**(ख) विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. विशेष साधारण सभामा भाग लिने प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजको काम मिति २०८०/०१/१२ गते (एक दिन) शेयरधनी दर्ता किताब बन्द गरिनेछ ।

२. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको शेयर रजिष्ट्रार श्री कुमारी क्यापिटल लि. नागपोखरी काठमाडौं वा कम्पनीको प्रधान कार्यालय सि.टि.सि.मल सातौ तल्ला सुन्धारा, काठमाण्डौमा प्रोक्सी फाराम दर्ता गरिसक्नु पर्नेछ । प्रोक्सी दिने शेयरधनीले प्रोक्सी दिए पश्चात् आफै उपस्थित हुन वा प्रोक्सी बदर गर्न वा परिवर्तन गर्न चाहेमा सोको लिखित सूचना सभा सोही अवधि भित्र कम्पनीको शेयर रजिष्ट्रार श्री कुमारी क्यापिटल लि. नागपोखरी, काठमाडौं वा कम्पनीको प्रधान कार्यालय सि.टि.सि.मल सातौ तल्ला सुन्धारा, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ । प्रोक्सी फाराम यस कम्पनीको वेबसाइटबाट पनि Download गर्न सकिनेछ ।

३. एकै शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबै भन्दा पहिला प्राप्त भएको हो माथि (२) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

४. सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो Demat Account No वा Demat Statement र आफ्नो परिचयपत्र प्रस्तुत गरेपछि मात्र सभाकक्षमा प्रवेश गर्न पाइने छ । अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाईने छैन ।

५. नाबालक र विछिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।

६. विशेष साधारण सभाको सूचना शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको ईमेल ठेगानामा प्रेषित गरिने छ । शेयरधनी महानुभावहरुले उक्त सुचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधार मानी सभामा उपस्थीत हुन अनुरोध छ । **विशेष साधारण सभाको सूचना यस कम्पनीको वेबसाइट (Website) मा हेर्न सकिने छ ।**

७. कुनै शेयरधनी महानुभावले साधारण सभामा आफ्नो मन्तब्य राख्न चाहेमा विशेष साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।

८. सभा सम्बन्धी अन्य जानकारी कम्पनीको प्रधान कार्यालय सि.टि.सि.मल सातौ तल्ला सुन्धारा, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

९. कोरोना भाइरस (कोभिड - १९) को संक्रमण नियन्त्रणको लागि नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्नको लागि विशेष साधारणसभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।